# नयाँ नेपाल लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक, फोन नं. : ०११-४९०६७१

(नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

## एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/८/२५)

यस नयाँ नेपाल लघुवित्त वित्तीय संस्था लि.को मिति २०७६ मंसिर २३ गते बसेको संचालक समितिको २६०औ बैठकको निर्णय अनुसार एघारौं वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा निम्न विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मितिः- २०७६ पौष १९ गते शनिवार (तदनुसार जनवरी ४, २०२०)।

समयः- विहान ११:०० वजे ।

स्थानः- होटल जुगल, मिरावल चोक, धुलिखेल, काभ्रे ।

**छलफलका विषयहरु**

**क) सामान्य प्रस्तावहरु**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत हुने आ.व.०७५/७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष ०७५/७६ को वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह लगायतका वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।

३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब.०७६/७७ को लागि लेखा परीक्षण गर्न लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब.२०७५/७६ को मुनाफाबाट हाल कायम चुक्ता पूँजीको १.०५ प्रतिशतले (बोनस शेयरको कर प्रयोजनको लागि मात्र) हुन आउने रकम रू.८,८४,२१०।५३(अक्षरेपी आठ लाख चौरासी हजार दुईसय दश रूपैया त्रिपन्न पैसा मात्र) नगद लाभांस वितरण गर्न स्वीकृति दिने ।

५) सर्वसाधारण शेयरधनीहरू (समूह "ख") को तर्फबाट प्रतिनिधित्व गर्ने रिक्त संचालक पद संख्या एकमा बाँकी अबधिको लागि निर्वाचन गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु**

१) संचालक समितिले प्रस्ताब गरे बमोजिम आ.ब.२०७५/७६ सम्मको संचित मुनाफा र शेयर प्रिमियम वापत प्राप्त भएको रकमबाट हाल कायम रहेको चुक्ता पूँजी रू.८,४०,००,०००।-को २० प्रतिशतले हुन आउने रकम रू.१,६८,००,०००।-।-(अक्षरेपी एक करोड अड्सठ्ठी लाख मात्र) बराबरको बोनश शेयर जारी गर्ने ।

२) संचालक समितिले प्रस्ताब गरे बमोजिम संस्थाले गाभ्ने गाभिने वा प्राप्तिको निर्णय गरे पश्चात कायम हुन आउने चुक्ता पूँजीको १:१ बराबरको हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।

३) लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने, संचालकको अन्य सुविधा निर्धारण गर्ने र सोही बमोजिम प्रबन्धपत्र/नियमावली संसोधन गर्ने सम्बन्धमा ।

४) संचालक समितिको मिति २०७५ साल फाल्गुण २२ गते बसेको २४६औं बैठकले प्रचलित कानून एवम् लघुवित्त वित्तीय संस्थाको नियमावलीको अधिनमा रहि स्वतन्त्र संचालक पदमा एक कार्यकालको लागि श्री सुशीला गौतम (निरौला) लाई नियुक्त गरेकोमा सो नियुक्तिको जानकारी सम्बन्धमा ।

५) संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरू गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जान प्रयोजनको लागि उपयुक्त लघुवित्त संस्थाहरू पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरूको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरू नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसंग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरू बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरू पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियमन निकायहरूबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका सम्पूर्ण कार्यहरू गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने ।

६) लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रमा प्रस्ताव अनुसार गरिएको संसोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाब वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक संसोधन वा परिमार्जन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध**

सञ्चालक समितिको आज्ञाले
(कम्पनी सचिव)

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१) साधारण सभा प्रयोजनको लागि २०७६ पौष ३ गते देखि २०७६ पौष १९ गतेसम्म यस लघुवित्त वित्तीय संस्थाको शेयर दाखिल खारेज गर्ने कार्य बन्द रहनेछ । मिति २०७६ पौष २ गतेसम्म नेपाल स्टक स्क्सचेन्जमा कारोवार भई ७ कार्यदिन भित्रमा यस कम्पनीको शेयर रजिष्ट्रार श्री एन.एम.वि. क्यापिटल लिमिटेड नागपोखरी, काठमाडौंमा दाखिल खारेजीको लागि पेश गरेका शेयरधनीहरू मात्र साधारण सभाका लागि योग्य हुनुहुनेछ ।

२) सम्पूर्ण शेयरधनी महानुभावहरूलाई यस लघुवित्त वित्तीय संस्थामा रहेको ठेगाना र ईमेलमा वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाईनेछ। साथै उक्त प्रतिवेदन संस्थाको वेबसाईट www.nnlb.com.np मा पनि हेर्न सकिनेछ । सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावले व्यक्तिगत रूपमा पठाईएको सूचना तथा संलग्न प्रवेशपत्र साथै आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा सवारी साधन अनुमति पत्र वा आफ्नो परिचय खुल्ने अन्य कागजात) अनिवार्य साथ लिई आउनु हुन अनुरोध छ ।

३) सभामा भाग लिनको लागि प्रोक्सी (प्रतिनिधि) मुकर्रर गर्न चाहनेले संस्थाको केन्द्रीय कार्यालयमा सभा हुनु भन्दा ४८ घण्टा अघि दर्ता गराई सक्नुपर्नेछ । यसरी प्रोक्सी (प्रतिनिधि) नियुक्ति गरिएको व्यक्ति जुन समूहको प्रोक्सी हो सोहि समूहको संस्थाको शेयरधनी हुनु पर्नेछ ।

४) प्रोक्सी (प्रतिनिधि) नियुक्ति गरी सक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु पर्ने भएमा दिईएका प्रोक्सी स्वतः बदर हुनेछ ।

५) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्नु भएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिईयोस भनी छुट्टै पत्र समेत लेखि पठाउनु भएको रहेछ भने अन्य सबै प्रतिनिधि (प्रोक्सी) बदर भै सोहि पत्र साथ आएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । तर यसो नगरी एक शेयरधनीले एक भन्दा बढी प्रोक्सी नियुक्ति गरिएको रहेछ भने पहिले दर्ता भएको प्रोक्सीले मान्यता पाउनेछ । दोश्रो प्रोक्सी स्वत : बदर हुने छ ।

६) सभामा भाग लिने प्रत्येक शेयरवाला महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान १०:३० बजे देखि खुल्ला हुनेछ ।

७) शेयरधनी महानुभावहरूलाई सुसूचित गराउन सकियोस भन्ने दृष्टिकोणले केहि शेयरधनी महानुभावलाई संस्था सम्बन्धी जिज्ञासा भए विविध विषय अन्तर्गत त्यसको लिखित रूपमा सभा हुनु भन्दा ७ (सात) दिन पहिले नै यस लघुवित्त वित्तीय संस्थाको केन्द्रीय कार्यालय धुलिखेलमा पठाउन अनुरोध छ ।

८) निर्वाचन सम्बन्धी कार्यक्रम राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिनेछ र संस्थाको वेबसाईटमा राखिनेछ ।

९) अन्य थप जानकारी चाहिएमा यस लघुवित्त वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।